आज मिति २०७५ साल जेठ २२ गतेका दिन राप्ती सोनारी गाउँपालिकाका अध्यक्ष श्री लाहुराम थारु ज्यू को अध्यक्षतामा गाउँपालिकाको माषिक बैठक निम्न पदाधिकारी ज्यू हरुको उपस्थितिमा वसी निम्न प्रस्तावहरु माथि क्षलफल गरी निर्णय गरियो ।

<u>तपशिल</u>

श्री लाहुराम थारु -------------------- अध्यक्ष
श्री धनी कुमारी खत्री ---------------- उपाध्यक्ष
श्री चन्द्र बहादुर वली ---------------- वडा अध्यक्ष वडा नं १
श्री मदन कुमार वली ---------------- वडा अध्यक्ष वडा नं २
श्री गंगा राम थारु ------------------- वडा अध्यक्ष वडा नं ३
श्री कान्छा थारु --------------------- वडा अध्यक्ष वडा नं ४
श्री झगरु थारु ----------------------- वडा अध्यक्ष वडा नं ५
श्री जनक बहादुर थारु --------------- वडा अध्यक्ष वडा नं ६
श्री राम लखन थारु ------------------ वडा अध्यक्ष वडा नं ७
श्री खुम बहादुर थारु ----------------- वडा अध्यक्ष वडा नं ८
श्री महावीर वली --------------------- वडा अध्यक्ष वडा नं ९
श्री दमकला जैसी -------------------- महिला सदस्य
श्री नैनी कुमारी खत्री ---------------- महिला सदस्य
श्री मिना कुमारी बिष्ट ---------------- महिला सदस्य
श्री लिला नेपाली --------------------- महिला सदस्य
श्री देव राज कुमाल-------------------- दलित/अल्पसंख्यक सदस्य
श्री पतरी दमाई ----------------------- दलित/अल्पसंख्यक सदस्य
श्री नोखि राम ओली ------------------ प्रमुख प्रशासकीय अधिकृत

<u>प्रस्ताव</u>

(१) गौशाला व्यवस्थापन सम्बन्धमा ।

<u>निर्णयहरु</u>

(१) प्र.नं. १ माथी छलफल गर्दा यस राप्ती सोनारी गाउपालिका वडा नं ८ मा रहेको गौशालाको व्यवस्थापन गर्नका लागी वडा नं ८ र वडा नं २ का वडा अध्यक्ष लाई जिम्मा दिने निर्णय गरीयो ।

निर्णयहरु :

१.आगामी आर्थिक वर्ष ०७५।०७६ मा निःशुल्क आधारभूत शिक्षा प्रदान गर्न प्रयोजनको लागि रकम बिनियोजन गर्नुपर्ने भएकोले यस गाउँपालिका भित्रका सवै बिद्यालयको दुरी र बिद्यार्थी संख्याको आधारमा शिक्षक संख्या पुग अपुग आ आफ्नो वडाबाट रेकर्ड लिई गाउँपालिकाको शिक्षा समितिमा पेश गर्ने निर्णय गरियो ।

२.विद्यालय सुरक्षा कार्यक्रमलाई निरन्तरता दिने निर्णय गरियो ।

३.विषयगत समितिको बैठक बस्दा बापत पाउने बैठक भत्ता २०७४ श्रावणदेखिको उपलब्ध गराउने निर्णय गरियो ।

४.पत्रकार पुष्पलाल गुप्ता चाचाजीको नागरिक अभिनन्दन कार्यक्रमको लागि रकम रु ५०,०००/- उपलब्ध गराउने निर्णय गरियो ।

५.ब्युटिपार्लर तालिमको लागि बिनियोजित रकम रु ३,००,०००/- यस राप्तीसोनारी गाउँपालिका वडा नं. ८ मा बस्ने तारादेवी बि.क.लाई संचालनको जिम्मा दिने निर्णय गरियो ।

६.श्री जनशक्ति आधारभुत बिद्यालयको कक्षा ६ मा अध्ययणरत माया वि.क.,३ मा अध्ययणरत शुवास बि.क.,कक्षा १ मा अध्ययणरत श्रृष्टि बि.क.लाई आर्थिक अवश्था कमजोर भएकोले पठनपाठन सहयोगको लागि सम्वन्धित वडाबाट सिफारिस माग गर्ने निर्णय गरियो ।

७.दलित समुदायको शसक्तिकरण गोष्ठी संचालन गर्न भनी दलित सेवा संघले ७०,०००/-वजेट कार्यक्रम पेश गरेकोमा लक्षित कार्यक्रमतर्फ बजेट बाँकी भएको खण्डमा कार्यान्वयन गर्ने निर्णय गरियो ।

८.२ नं. वडा कार्यालयबाट टिकुलीपुर निवासी टिकाराम जैसीको छोरा गुरु प्रसाद जैसीले सीए अध्ययणको लागि आर्थिक सहयोग उपलब्ध गराउने भनी आएकोमा प्राविधिक शिक्षा छात्रबृत्तिको लागि त्यसता व्यक्तिहरुको निवेदन संकलन गरी आवश्यक प्रक्रिया पुरा गरी छनौट गर्ने निर्णय गरियो ।

९.बिभिन्न निकायबाट आएका देहाय बमोजिमका कार्यक्रम निबेदनलाई देहाय अनुसारको ब्यहोरा र निर्णय गरियो ।

| क.सं. | व्यहोराहरु | निर्णयहरु |
|---|---|---|
| १. | श्री जना शक्ति आधारभूत बिद्यालयको कक्षा ६ मा अध्यन रत माया वि.क., ३ मा अध्यन रत सुवाश वि.क., कक्षा १ मा अध्यन रत श्रीस्टि वि.क. लाई आर्थिक अवास्थ कमजोर भएकोले पठनपाठन सहयोग गर्ने संदर्भमा | सम्वन्धित वडाबाट सिफारिस माग गर्ने |
| २. | दलित समुदायको सशक्तिकरण गोष्टी संचालन गर्न भनि दलित सेवा संग ले ७०००० को बजेट को कार्यक्रम पेश गरेको | लक्षित वजेट र कार्यक्रमको आधारमा कार्यान्वयन गर्ने |
| ३. | २ नं वडा को कार्यालयबाट टिकुलिपुर निवासी टिकाराम जैशी को छोरा गुरु प्रसाद जैसी ले CA अध्यन गर्नका लागि आर्थिक सहयोग गराउने सम्बन्धमा | प्राविधिक शिक्षाको छात्रवृत्तिको वजेटबाट निवेदन संकलन गर्ने |
| ४. | फत्तेपुर स्थित पिप्रहवा गाउँमा लाग्ने हजरतमलंग शाह बाबा मेला संचालन गर्न हजरतमलंग शाह बाबा मेला समितिबाट रु १०००० सहयोग माग भएको सम्बन्धमा | निर्णय नभएको भए निर्णय गर्ने |
| ५. | लक्ष्मणपुर बाध पिडित सघर्ष समितिका प्रतिनिधि दुर्गा प्रसाद पाण्डेलाई स्थानिय तहको विपत व्यवस्थापन सम्बन्धि छलफलमा प्रतिनिधि समाबेश गराई दिने बारेको उक्त सघर्ष समितिका पत्रको सम्बन्धमा | गाउँपालिका स्तरीय समितिको सदस्यमा समावेश गर्ने |
| ६. | नेत्रहीन क्रिकेट संघ नेपालगन्ज - १३ ले जेठ १६ देखी २२ गते सम्म आयोजना गर्न लागेको ७ औ राष्ट्रिय दृस्टी बिहिन क्रिकेट प्रतियोगितामा सहभागी हुन रु १०२६५०/- आर्थिक सहयोग माग गरेको सम्बन्धमा ( | शीर्षक हेरेर १०००० आ.स.दिने |
| ७. | ७ नं वडा कार्यालयबाट जगतराम बर्मा को घरमा २०७४/७/२८ गते साँझको समयमा आगलागी भएकोले आर्थिक सहयोग उपलब्ध गराउने सम्बन्धमा | निर्णय भईसकेको |
| ८. | वडा नं ६ मोहनपुर स्थित दिप ज्योति प्रा.वि. को अधुरो पर्खाल बाकी १५ मिटर सम्पन्न गर्न रकम बिनियोजन गर्न दिप ज्योतिले गरेको अनुरोधको सम्बन्धमा | आगामी परिषदमा माग गर्न लगाउने |
| ९. | नेरा मा.वि अगैयाबाट १ सेट हयांड पम्प माग भई आएको सम्बन्धमा | खानेपानी धाराको वजेटबाट उपलब्ध |

| | | |
|---|---|---|
| | | गराउने |
| १०. | वडा नं ४ लटनिया गौरी शिव मन्दिरमा लाग्दै आएको शिवरात्री मेलामा आर्थिक सहयोग माग भई आएको सम्बन्धमा | ~~१००००~~ आ.स.दिने ५,०००/- |
| ११. | प्रहरी कार्यालय बैजापुरबाट फर्निचर सामान माग भई आएको सम्बन्धमा | गाउँसभामा पेश गर्ने |
| १२. | हयाड पम्प खरिद गर्दा जिल्ला दर रेट र बजार दर रेट फरक परेकोले कोटेसन बमोजिमको सर रेट प्राबिधिक स्टिमेटमा राखिदिन भनि ३ नं वडा कार्यालय बाट लेखि आएको सम्बन्धमा | गाउँसभाबाट दररेट कायम गर्न अधिकार भएमा गाउँसभाबाट दररेट कायम गर्ने |
| १३. | कालिमाटी गंगामाला देउती बजई अधुरो मन्दिर निर्माण गर्न रु १५०००० माग भई आएको सम्बन्धमा | गाउँसभामा पेश गर्ने |
| १४. | वडा नं १ बस्ने लहानी खुनाको ४ कोठा भएको २ तले ढुंगा गारो र टिनको छानो भएको घर २०७५/१/२० गते को हेवाहुरिले क्षति पुगेको हुदा राहत माग भएको सम्बन्धमा | निर्णय भईसकेको बिपद व्यवश्थापन समितिको |
| १५. | वैशाख ३० गतेको हावाहुरीले वडा नं २ निवासी चन्द्र बहादुर शाहीको घरमा पुर्याएको क्षतिका सम्बन्धमा | निर्णय भईसकेको बिपद व्यवश्थापन समितिको |
| १६. | २०७४/४/२७ गते को बाढीका कारण लक्ष्मी सामुदायिक बहुमुखी क्याम्पसको ५० मिटर पर्खाल भत्केको हुदा निर्माणको लागि रकम माग भएको सम्बन्धमा | शीर्षक हेरी १ लाख दिने |
| १७. | ढकेरी निवासी सोम बहादुर थापाको पसल आगलागी भई राहत माग गरेको सम्बन्धमा | निर्णय भईसकेको |
| १८. | अनुगमन समितिका सम्बन्धमा कर्मचारी व्यवश्था | प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको १ जना कर्मचारी |
| १९. | कोहलपुर क्रीयटिभ ग्रुप बाट यातायात बापत को रकम माग भई आएको सम्बन्धमा | आन्तरिक श्रोतबाट यातायात बापतको रकम उपलब्ध गराउने |